मिति २०७७/१२/६ गतेको सचिव बैठकका निर्णयहरु-

१. माननीय मुख्यमन्त्री र श्रीमान प्रमुख सचिवज्यूबाट प्रदेश मन्त्रालयका सचिवज्यूहरुलाई मन्त्रालयको समग्र कामकारवाही, वजेट तथा कार्यक्रम कार्यान्वयनको सन्दर्भ लगायत विविध विषयहरुमा निर्देशन प्रदान भयो ।

२. मन्त्रालय र मातहतका निकायमा कार्यरत कर्मचारीको व्यक्तिगत विवरण फाईल तयार पार्ने, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) द्वारा तयार पारिएको यस प्रदेशको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) को अन्तिम प्रतिवेदन उपर लिखित रुपमा मन्त्रालयको धारणा/राय उपलब्ध गराउने र मन्त्रालयहरुले आफ्नो मन्त्रालयसम्वद्ध नीति,योजना तथा मापदण्ड लगायतका आवश्यक कानूनको मस्यौदा तयार गरी स्वीकृतिका लागि पेश गर्ने सम्बन्धमा यसपूर्व मिति २०७७/१२/२ गतेको सचिव बैठकबाट भएका निर्णयहरु शीघ्र कार्यान्वयन गर्ने ।

३. सहलगानी सम्बन्धी कार्यविधि, २०७७ अनुसार मन्त्रालयहरुले यस प्रदेशबाट सहलगानीमा कार्यान्वयन गरिनुपर्ने आयोजनाहरु समयसीमा भित्रै अर्थ मन्त्रालयलाई जानकारी दिन र राष्ट्रिय योजना आयोगको आयोजना बैंकमा पेश गर्ने प्रयोजनार्थ आयोजनाहरुको विवरण तयार पारी मन्त्रिपरिषद्‌मा पेश गर्ने ।

४. आगामी आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा समेट्नुपर्ने विषयवस्तुको मस्यौदा तयारीका लागि प्रत्येक मन्त्रालयले टिम गठन गरी कार्यारम्भ गर्ने ।

५. सुदूरपश्चिम प्रदेश सरकार गठनको तीन वर्षको प्रमुख उपलब्धिहरु सहित हाल सञ्चालनमा रहेका कार्यक्रमहरुको विवरण समेत समेटिएको पुस्तक प्रकाशन गर्ने प्रयोजनार्थ यस कार्यालयको मिति २०७७/१२/५, च.नं. १२९३ को पत्रबाट माग गरिएको विवरण तोकिएको समयसीमा भित्रै उपलब्ध गराउने ।

६. चालु आ.व. २०७७/०७८ को दोश्रो चौमासिक अवधिको समीक्षा यही चैत्र महिनाको अन्तिम सातामा हुने भएकोले सबै मन्त्रालयहरु आवश्यक तयारी अवस्थामा रहने ।

७. प्रदेशमा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरु तोकिएको समयसीमा भित्रै सम्पन्न गर्ने गराउने ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

२०७७।१२।६
प्रमुख सचिव